

UNFPA

# लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य परियोजना दोस्रो चरण

लैङ्गिक विभेदमा आधारित हिंसा
अन्त्य गर्ने नेपालको प्रतिबद्धतामा नयाँ अध्यायको शुरुआत

लैङ्गिक विभेदमा आधारित हिंसा एउटा त्यस्तो महामारी हो जुन संकटको समयमा अझै बढी सशक्त हुन्छ। लकडाउनको समयमा महिलाहरु आफ्नो पीडकहरुसँग लामो समयसम्म रहने भएका र सहयोग तथा सेवामा पहुँच पुग्न असमर्थ हुने भएकाले कोभिड-१९ महामारीले घरेलु हिंसामा वृद्धि गरेको छ।

नेपालमा लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य सेवाको प्रावधानका लागि धेरै नीति तथा कानूनहरु र कार्यक्रमहरुका साथै प्रगतिका उत्साहजनक सङ्केतहरु छन् तथापि यो संकटलाई अन्त्य गर्न अझै धेरै कार्यहरु गर्न आवश्यक छ। महिला र किशोरीलाई भन्दा पुरुष र किशोरलाई महत्व दिने र परम्परादेखि चलिआएका भेदभावपूर्ण अभ्यासहरुका साथै महिला तथा किशोरीहरु विरुद्धको हिंसा रहेको छ।

## नेपालमा लैङ्गिक विभेदमा आधारित हिंसाको एक झलक

(नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६)



१५ देखि ४९ वर्ष उमेर समूहका प्रत्येक **५ जना महिला मध्ये १** जनाले शारीरिक हिंसा अनुभव गरेको पाइएको छ



**४ जना विवाहित महिलामध्ये कम्तिमा १** जनाले श्रीमान्बाट आफ्नो जीवन अवधिमा शारीरिक, यौनिक वा भावनात्मक हिंसाको अनुभव भोग्ने गरेका छन्।




**३१ प्रतिशत** पुरुषले श्रीमतीले भनेको नमानेमा पिट्नु स्वीकार्य भएको विश्वास गरेका छन्




हिंसा अनुभव गर्नेहरु मध्येका **६६ प्रतिशत** ले आफुले भोगेका हिंसा प्रतिरोध गर्न वा रोक्नका लागि कसैको सहयोग खोज्ने वा कसैलाई भन्ने गरेको पाइँदैन।

## विगतका उपलब्धी प्रवर्द्धन गर्दै

सन् २०१६ मा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपिए) ले नेपाल सरकारसँगको सहकार्यमा नर्वेजियन राजदूतावास र स्वीस सरकार विकास सहयोग (एसडिसी) को सहयोगमा महिला तथा किशोरीहरुको सशक्तिकरण गर्न र प्रतिकार्य सेवाहरुहलाई सुदृढीकरण गरी लैङ्गिक विभेदमा आधारित हिंसा न्यूनिकरण गने लक्ष्य लिएको परियोजनाको पहिलो चरण प्रदेश नं १, ३ र सुदूर पश्चिममा शुरुआत भएको थियो। यस परियोजनाबाट प्राप्त सिकाईहरु निम्नानुसार रहेका छन् :

- कर्मचारीको भर्ना तथा तालिम मार्फत सुदृढिकरण गरिएको एकद्वार संकट व्यवस्थापन केन्द्रको महत्वले लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावितलाई एकिकृत बहुपक्षीय स्वास्थ्य र मनोसामाजिक सेवाहरुको प्रावधानमा महत्वपूर्ण भूमिका खेलेको छ।
- आधारभूत मापदण्डहरु पुरा गर्ने सेवाहरु उपलब्ध भएको अवस्थामा लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावितबीचसहयोग खोज्ने व्यवहारमा उल्लेख्य वृद्धि भएको छ।
- मनोसामाजिक प्राथमिक उपचार सहितको घुम्तिसे वा प्रावधानका लागि समुदायमा आधारित मनोसामाजिक कार्यकर्ताहरुको प्रशिक्षण र परिचालनमा लगानी गर्नाले हिंसा प्रभावितलाई सहयोग खोज्न प्रोत्साहित गर्नका साथै थपसेवाको लागि प्रेषण गर्नमा सहजीकरण गर्न सहयोग गरेको छ।
- समुदाय स्तरमा प्रतिकार्य संयन्त्रलाई संस्थागत गरी परियो जनाको दिगोपनामा वृद्धि गरिएको छ, जसले सेवाहरुको माग सृजना गर्ने र यसको परिणामस्वरुप स्थानीय तहको योजना र बजेटमा मुख्य गतिविधिहरु समावेश भएका छन्।

## दोस्रो चरणको परियोजनाका बारेमा

**लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य परियोजनाको दोस्रो चरण (२०२०-२०२४)** ले पहिलो चरणमा प्राप्त नतिजाहरुको दिगोपना र प्रतिकार्य सेवाहरुको गुणस्तर वृद्धि गर्न व्यक्ति, समुदायका साथै सेवाप्रदायकको धारणा र व्यवहारमा दिगो रुपान्तरण गर्ने पूर्ण पहुँच मार्फत रोकथाम र प्रतिकार्यको बृहत ढाँचा (मोडेल) विस्तारलाई निरन्तरता दिनेछ। **परियोजनाको दोस्रो चरणलाई हाल यूएनएफपिए, स्वीस सरकार विकास सहयोग एसडिसी र नर्वेजियन दूतावासको संयुक्त सहयोग रहेको छ।**

---

**परियोजना अवधि:** अगस्ट २०२० देखि अगस्ट २०२४ सम्म

**लाभान्वितहरु :** लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावित (महिला र किशोरी), किशोर र किशोरी, नवविवाहित दम्पती सहितको परिवारहरु र स्थानीय समुदायहरु

**सेवाप्रदायकहरु :** प्रहरी, स्वास्थ्यकार्यकर्ताहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, शिक्षकहरु, न्यायिक समितिहरु, मेलमिलाप समितिहरु, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरुर सामुदायिक मनोसामाजिक कार्यकर्ताहरु।

**जम्मा पहुँच संख्या :** २९२,८०२ (लाभान्वित रसेवाप्रदायक)

---

## लक्ष्य :

प्रदेश नम्बर १ र सुदूरपश्चिम प्रदेशका महिला तथा किशोरीको विरुद्धमा हुने लैङ्गिक विभेदमा आधारित सबै प्रकारका हिंसा र विभेदको न्यूनिकरण गर्ने

## अपेक्षित उपलब्धिहरु

१, बढ्दो रुपमा किशोरकिशोरी सहित महिला पुरुषले सबै प्रकारका लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम, उजुरी र सम्बोधन गर्नेछन् ।

२, स्थानीय सरकार, कानुनी संयन्त्र र स्वास्थ्य संस्थाहरुले लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावितहरुलाई केन्द्रबिन्दुमा राखेर प्रभावकारी (बहुपक्षीय) प्रतिकार्य सेवा प्रदान गर्नेछन् ।

३, स्थानीय, प्रदेश र संघीय सरकारले लैङ्गिक समानता र सबै महिला तथा किशोरीको शसक्तिकरण प्रवर्द्धन गर्नका लागि नीति तथा बजेटहरुको अनुसरण र कार्यान्वयन गर्नेछन्

## परियोजना साझेदारहरु

परियोजनाले नेपाल सरकारका संघीय, प्रादेशिक र स्थानीय तहका साथसाथै गैरसरकारी संघ/संस्था साझेदारसँग नजिकमा रहेर काम गर्नेछ । जुन निम्न अनुसार छन् :

- **संघीय तह :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग र अदालत ।
- **प्रदेश तह :** प्रदेश सभाको सामाजिक विकास समिति, सामाजिक विकास मन्त्रालय, अस्पताल/एकद्वार संकट व्यवस्थापन केन्द्रहरु ।
- **स्थानीय तह :** स्थानीय सरकार, न्यायिक समितिहरु, मेलमिलाप समितिहरु र सुरक्षित आश्रयस्थलहरु/सेवा केन्द्रहरु ।

## परियोजनाले निम्नअनुसारका गतिविधिहरु मार्फत लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य गर्नेछ र

### रोकथाम गतिविधिहरु

विभेदपूर्ण सामाजिक मान्यताहरु र अभ्यासहरुलाई चुनौति दिन नवविवाहित दम्पति, परिवार, महिला तथा पुरुषहरुसँग सामुदायिक संवाद गर्ने ।

लैङ्गिक समानता र मानव अधिकारका बारेमा किशोरकिशोरीलाई “रुपान्तरण” सिकाई गराउने ।

धार्मिक अगुवाहरु, बुद्धिजीविहरु र अन्य प्रभावशाली नेताहरुसँग लैङ्गिक समानताका लागि आलोचनात्मक चिन्तन र अभियानमा सहजीकरण गर्न संवाद गर्ने ।

**हिंसा प्रभावितलाई केन्द्रमा राख्दै**

### प्रतिकार्य गतिविधिहरु

लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावितहरुको सहयोगका लागि सुरक्षित आवास गृह र आश्रय स्थललाई गुणस्तरीय सेवा र गुणस्तरीय स्वास्थ्य सेवा प्रावधानका लागि सहयोग ।

अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र र स्वास्थ्य संस्थाहरु मार्फत लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावितहरुका लागि गुणस्तरीय स्वास्थ्य सेवाको प्रावधान ।

मनोवैज्ञानिक सहयोग र प्रेषण सेवाहरु प्रदान गर्नका लागि सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुलाई तालिम दिई परिचालन गर्ने ।

सामुदायिक मेलमिलाप केन्द्रहरु र न्यायिक समितिहरुलाई लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरुमा पीडित मैत्री मध्यस्थता गर्न सुदृढिकरण र सहयोग गर्ने ।

### क्षमता अभिवृद्धिका गतिविधिहरु

लैङ्गिक उत्तरदायी सेवाहरुका लागि नीतिहरु, बजेट, योजना र निर्देशिका बनाउन स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि र सहयोग (हिंसा प्रभावितलाई केन्द्रमा राख्दै) ।

## परियोजनाको भौगोलिक क्षेत्र

दोस्रो चरणको परियोजना प्रदेश नम्बर १ र सुदूरपश्चिम प्रदेशका १९ नगरपालिका र ८७ वटा वडाहरुमा कार्यान्वयन गरिनेछ ।

### COVERAGE AREAS OF GENDER BASED VIOLENCE PREVENTION AND RESPONSE PROJECT PHASE II




### प्रदेश नं १

| | |
|---|---|
| **मोरङ** | विराटनगर महानगरपालिका |
| **ओखलढुङ्गा** | सिद्धिचरण नगरपालिका<br>मानेभन्ज्याङ गाउँपालिका<br>मोलङु गाउँपालिका<br>चिसंखुगढी गाउँपालिका |
| **उदयपुर** | कटारी नगरपालिका<br>त्रियुगा नगरपालिका<br>बेलका नगरपालिका<br>चौदन्डीगढी नगरपालिका |

### सुदूरपश्चिम प्रदेश

| | |
|---|---|
| **कैलाली** | धनगढी उपमहानगरपालिका |
| **अछाम** | मंगलसेन नगरपालिका<br>कमलवजार नगरपालिका<br>साँफेबगर नगरपालिका |
| **बैतडी** | पाटन नगरपालिका<br>दशरथचन्द नगरपालिका |
| **बझाङ** | जयपृथ्वी नगरपालिका<br>बिट्ठादचिर गाउँपालिका |
| **बाजुरा** | बडिमालिका नगरपालिका<br>बुढीगंगा नगरपालिका |

### सम्पर्कका लागि

यूएनएफपिए नेपाल
यूएन हाउस, ललितपूर
पोष्ट बक्स नं १०७, काठमाडौं

इमेल : nepal.office@unfpa.org
वेबसाइट : nepal.unfpa.org

### परियोजनाका लागि सहयोग

UNFPA

NORWEGIAN EMBASSY

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि